# बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु (आ.व.२०७९/०८०, बैठक नं २)

मिति २०७९/०५/२१ गते

१. बिगतका कार्यपालिका निर्णयहरु र सोको कार्यान्वयन अवस्थाको समीक्षा गरियो । कार्यपालिकाको निर्णयबाट एवं नगरपालिकाका तर्फबाट भएका सबै खर्चहरु अनुमोदन गरियो । कार्यपालिकाको निर्णयलाई थप कार्यान्वयनयोग्य बनाउने गरी सरोकारवाला सबैसँग समन्वय र सहकार्य गरी अघि बढ्ने निर्णय गरियो ।

२. बेनी नगरपालिका नगरसभा सदस्य श्री कृष्ण वहादुर कार्कीको असामयिक निधन प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै बेनी नगरपालिकाबाट मिति २०७९/०५/०५ गते बेनी नगरपालिका र मातहतका वडा कार्यालयमा दिईएको शोक बिदा अनुमोदन गर्ने निर्णय गरियो । मृतकको किरिया खर्चका लागि नगरपालिकाको कोषबाट व्यहोर्ने गरी रु.२५००० (अक्षरूपी पच्चिस हजार रुपैयां मात्र) निजको परिवारलाई उपलब्ध गराउने निर्णय गरियो ।

३. सङ्घीय सरकार तर्फबाट चालु आ.व. २०७९/०८० मा कार्यान्वयन हुने गरी प्राप्त भएको सशर्त अनुदान तर्फबाट गाजने नयाँगाउँ ढोलथान पुलाडाँडा खानेपानी योजना र पात्लेखेत काछ्लुङ खानेपानी योजनाका लागि विनियोजन भएको रकमबाट कार्य अघि बढाउने गरी विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयार गर्नका लागि आवश्यक रकम रु ५ लाख परामर्श सेवाबाट खर्च गर्ने गरी कार्य अघि बढाउने निर्णय गरियो ।

४. गत आ.व. २०७८/०७९ मा बेनी नगरपालिकाबाट उपभोक्तासँगको ५० प्रतिशत साझेदारीमा खरिद गरिएका विभिन्न जातका फलफूलका बेर्ना उपभोक्ताको मागका आधारमा खरिद गरिएको भएतापनि माग बमोजिमका बेर्ना उपभोक्ताले नलगेको कारण देहायका बेर्ना कार्यालयमा बाँकी रहेको र उक्त विरुवाहरुको उचित संरक्षण नगर्दा बिरुवा नष्ट हुने सम्भावना समेतलाई मध्यनजर गरी देहाय बमोजिमका बेर्नाहरु बेनी नगरपालिका वडा नं ९ स्थित प्रशंसा नर्सरीमा सुरक्षित राखिएको र उल्लेखित बेर्नाहरुको उपभोक्ताहरुतर्फबाट व्यहोर्नुपर्ने रकम रु २७ हजार ५ सय ३९ रुपैया बेनी नगरपालिकाको कोषबाट व्यहोरी ईच्छुक किसानहरुलाई वडाबाट प्राप्त सिफारिस एवं माग समेतका आधारमा निशुल्क वितरण गर्ने निर्णय गरियो ।

| सि.नं | फलफूलका जात | बेर्ना संख्या | कैफियत |
|---|---|---|---|
| १ | सुन्तला | ८०० | |
| २ | आँप | ११५ | |
| ३ | लिची | २०५ | |

सुरत के.सी.
नगर प्रमुख

५. बेनी नगरपालिकाको प्रशासकीय भवनमा तला थप गर्ने कार्यका लागि एघारौं नगरसभाबाट विनियोजित रकम रु ४५ लाख अपुग हुने अवस्था देखिएको र तला थप कार्यको लागि पुर्वाधार विकास शाखा मार्फत तयार भएको लागत अनुमान अनुसार कार्य अघि बढाउने, सो वापत लाग्ने थप रकम नगरपालिकाको स्रोतवाट व्यहोर्ने निर्णय गरियो ।

६. बेनी नगरपालिकाको हालका भवनहरु सेवा प्रवाहका लागि अपर्याप्त देखिएको कारण नगरपालिकाको ब्लक ख र ग को बीचमा रहेको खाली भागमा ब्लक लगाएको दुई कोठे भवन निर्माण गरी भण्डार शाखा सञ्चालन गर्ने गरी पूर्वाधार विकास शाखाबाट तयार भएको लागत अनुमान अनुसारको कार्य अघि बढाउने र सोका लागि लाग्ने रकम नगरपालिकाको कोषबाट व्यहोर्ने निर्णय गरियो ।

७. बेनी नगरपालिकामा कार्यरत करारका कर्मचारीहरुको म्याद थपका विषयमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क. कार्यक्रम तर्फबाट तलबभत्ता व्यहोर्ने गरी नियुक्त भएका करारका कर्मचारीहरुको करार म्याद २०८० असार मसान्तसम्म थप गर्ने ।

ख. नगरपालिकाको कोषबाट तलब भत्ता व्यहोर्ने गरी नियुक्त भएका कर्मचारीहरुको करार म्याद २०७९ पौष मसान्तसम्म थप गर्ने ।

८. कर्मचारी व्यवस्थापनका विषयमा मिति २०७९/०२/२३ गतेको कार्यपालिका बैठकबाट गठीत समितिले पेश गरेको प्रतिवेदनमाथी छलफल गरियो । कर्मचारीहरुको सुविधाका विषयमा साबिक अनुसार नै कामको प्रकृति, कार्यबोझ एवं आवश्यकता अनुसार दैनिक तथा भ्रमण भत्ता दिई कामकाजमा खटाउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

९. बेनी नगरपालिका अन्तर्गतका विभिन्न पदहरुमा रिक्त रहेका, नगरसभाबाट सिर्जना गरिएका देहायका पदहरुमा पदपूर्ति गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ।

क) नगर प्रहरी छनौटको विषयमा हाललाई हवल्दार १ र सिपाही २ को पदपूर्तिको गर्ने ।

ख) सामुदायिक सिकाई केन्द्रतर्फका वडा नं १ र ५ मा रिक्त सामुदायिक परिचालक पदहरुमा पदपूर्तिका लागि सातदिने सूचना प्रकाशन गर्ने ।

ग) ज्यामरुकोट र पात्लेखेत स्वास्थ्य चौकीको रिक्त अनमी पदमा पदपूर्तिका लागि सातदिने सूचना प्रकाशन गर्ने ।

सुरत के.सी.
नगर प्रमुख

घ) नगरसभाबाट सिर्जना गरिएका देहाय बमोजिमका विद्यालयहरुमा बाल विकास सहजकर्ता पदपूर्तिका लागि सातदिने सूचना प्रकाशन गर्ने ।

१) थाकनपोखरी आधारभूत विद्यालय, बेनपा ६, म्याग्दी

२) युवा वर्ष आधारभूत विद्यालय, बेनपा १, म्याग्दी ।

३) जगन्नाथ आधारभूत विद्यालय, बेनपा ५, म्याग्दी ।

४) डिम्ब आधारभूत विद्यालय, बेनपा ५, म्याग्दी ।

५) चेतना आधारभूत विद्यालय, बेनपा ५, म्याग्दी ।

६) बराह आधारभूत विद्यालय, बेनपा १०, म्याग्दी ।

१०. बेनी नगरपालिकाको सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाउन देहाय बमोजिमका कार्यविधि पारित गर्ने निर्णय गरियो ।

क. सार्वजनिक जग्गा संरक्षण र उपयोग सम्बन्धी कार्यविधि, २०७९

ख. बेनी नगरपालिकाको करारमा शिक्षक तथा कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०७९

ग. उपमेयर संग आमा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७९

११. बेनी नगरपालिकाभित्रका वर्षाका कारण भएका अबरुद्ध भएका सडक खुलाउने सम्बन्धमा सबै वडा कार्यालयले वर्षातका कारण बिग्रिएका आफ्नो वडाको मुख्य बाटोहरु पहिचान गरी प्राविधिकबाट लागत अनुमान तयार गरी विजयादशमीको अवसरमा खुलाउनुपर्ने सडकहरुको विवरण तयार गरी बेनी नगर कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

१२. बेनी नगरपालिका वडा नं ६ को सम्पर्क कार्यालयका रुपमा बेनी बजारमा रहेको सम्पर्क कार्यालयको मासिक भाडा भुक्तानी बेनी नगरपालिकाबाट हुँदै आएकोमा हाल वडा नं ६ को कार्यालय भवनको निर्माण कार्य सम्पन्न भईसकेकोले आगामी मंसिर १ गतेबाट सम्बन्धित वडा कार्यालयबाटै सेवा प्रवाह गर्ने गरी आवश्यक व्यवस्थापन गर्ने र सो पश्चात सम्पर्क कार्यालयको भाडा भुक्तान नगर्ने निर्णय गरियो ।

१३. गण्डकी प्रदेश सरकारको तर्फबाट जारी भएको "होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६" बमोजिम यस नगरपालिकाभित्रको क्षेत्रभित्र होमस्टे दर्ताका लागि निवेदन उपर आवश्यक छानबीन गरी दर्ता गर्ने । यसका अतिरिक्त कार्यविधिको दफा ११ को उपदफा २ बमोजिम देहाय बमोजिमको स्थानीय तह होमस्टे समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

क. श्री अण वहादुर खड्का, वडा अध्यक्ष, बेनपा ४ संयोजक



सुरत के.सी.
नगर प्रमुख

| | |
|---|---|
| ख. श्री पदम बहादुर पुन, वडा अध्यक्ष बेनपा ३ | सदस्य |
| ग. श्री सृजना श्रेष्ठ, कार्यपालिका सदस्य | सदस्य |
| घ. श्री युवराज थापा, प्रशासकीय अधिकृत | सदस्य सचिव |

१४. बेनी सामुदायिक माविले विद्यार्थीहरुको पठनपाठनमा सहजताका लागि जिप्सन बोर्ड लगाउने कार्यका लागि सहयोग मागेको र स्थलगत अनुगमनको क्रममा माग बमोजिम जिप्सन बोर्ड लगाउन जरुरी देखिएको हुँदा मेयर संग सामाजिक विकास कार्यक्रम शीर्षकबाट खर्च लेख्ने गरी रु ७५ हजार बेनी सामुदायिक मा. बि. मा कक्षाकोठा व्यवस्थापनका लागि रकम विनियोजन गर्ने निर्णय गरियो ।

१५. विगतमा जिल्ला विकास समितिमा दर्ता तथा संचालनमा रहेका खानेपानी उपभोक्ता समितिहरुलाई नविकरणका लागि आवश्यक प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

१६. बेनी नगरपालिकाको पञ्जीकरण शाखा अन्तर्गत स्वास्थ्य संस्थाहरुमा नबजात शिशुहरुको जन्मदर्ताका लागि जन्म प्रतिवेदन व्यवस्थापन सम्वन्धी तालिम संचालन गर्न रु ८० हजार रुपैयाँ रकम विनियोजन गर्ने निर्णय गरियो ।